का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ कात्तिक २०७९,
मंगलबार
8 November 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २६२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सुनसान सिंहदरबार

## प्रधानमन्त्री र मन्त्रीहरु चुनावी प्रचारमा

संघदेखि प्रदेशसम्मका मन्त्रीहरु गाउँगाउँमा चुनावी प्रचारप्रसारमा केन्द्रित छन् । कतिपय मन्त्रीहरु मन्त्रालयमा महिनौंदेखि पुगेका छैनन् । प्रधानमन्त्री र मन्त्रीहरु मन्त्रालय नपुग्दा मन्त्रालयहरु सुनसान भएका छन् ।



“अहिले चुनावको माहोल छ, मन्त्रीज्यूहरु आवश्यकता पर्दा आउनुहुन्छ, उहाँहरु महिनौं कार्यालय नआए पनि प्रशासनिक कामकारवाही रोकिँदैन ।

**रमेश प्रसाद सिंह**
सचिव, शहरी विकास मन्त्रालय



“मन्त्रीहरुले नीतिगत निर्णय नै गर्ने हो, तर चुनाव आयो भन्दैमा उनीहरु मन्त्रालयको जिम्मेवारीबाट विमुख हुन मिल्दैन, मन्त्रालय पनि मिलाएर आउनुपर्छ ।

**डा. राजेश अहिराज**
राजनीतिक विश्लेषक

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक

आगामी मंसिर ४ मा हुने संसदीय चुनाव नजिँकिदै गर्दा संघ देखि प्रदेशसम्मका मन्त्रीहरु सरकार सञ्चालन छोडेर गाउँगाउँमा केन्द्रित छन् । जसले गर्दा अधिकांश सरकारी कार्यालयमा मन्त्रीहरु महिनौंदेखि पुगेकै छैनन् भने प्रधानमन्त्री, मुख्यमन्त्री पनि चुनाव प्रचारप्रसारमै ब्यस्त छन् । तर, महिनौंसम्म प्रधानमन्त्री र मन्त्रीहरु मन्त्रालय नपुग्दा कार्यालय सुनसान भएको छ भने कार्यकर्ताको चहलपहल पनि न्यून छ । अझ कतिपय मन्त्रालय त प्रधानमन्त्री शेरबहादुर देउवाकै मातहत रहेको छ ।

तर, मन्त्रीहरु कार्यालय नआउँदैमा प्रशासनिक कामकारवाही नरोकिने शहरी विकास मन्त्रालयका सचिव रमेश प्रसाद सिंह बताउँछन् । ‘अहिले चुनावको माहोल छ, मन्त्रीज्यूहरु आवश्यकता पर्दा आउनुहुन्छ, उहाँहरु महिनौं कार्यालय नआए पनि प्रशासनिक कामकारवाही रोकिँदैन,’ सचिव सिंहले भने । उनले मन्त्रीहरु मन्त्रालयमा आएमात्रै काम हुने भन्ने कुरा गलत भएको बताएका छन् ।

तरपनि, मन्त्रीहरु महिनौं गाउँ केन्द्रित भएपछि कतिपय निर्णय गर्न र नियमित कामकारवाही अघि बढाउन भने असहजता भएको अधिंकाश मन्त्रालयका कर्मचारी गुनासो छ । हुनत, नजिकिँदो चुनावले सिंहदरबारका मन्त्री मात्रै होईन, प्रदेश मन्त्रालयका मन्त्रीहरु पनि गाउँगाउँमै ब्यस्त छन् ।

‘उम्मेदवार भएकाले मुख्यमन्त्री र केही मन्त्रीहरू गाउँतिर व्यस्त हुनुहुन्छ, आवश्यक कुराहरूमा उहाँहरूकै नीतिगत निर्देशनहरू कार्यान्वयन भइरहेका छन् नै, उहाँहरू भनेको सरकारको राजनीतिक नेतृत्वकर्ता हो, उहाँहरूले गर्ने भनेको नीतिगत र राजनीतिक रुपमा सरकारलाई नेतृत्व गर्ने हो’ कर्णाली प्रदेशका निमित्त प्रमुख सचिव प्रेम प्रसाद आचार्यले भने । उनले बाध्यात्मक कामहरु फोनबाटै गर्न सकिने र आवश्यक पर्दा मन्त्रीहरु मन्त्रालय पनि आउने हुँदा समस्या नरहेको बताएका हुन् ।

– बाँकी पृष्ठ २ मा



# प्रष्टीकरणको चाड

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक

निर्वाचन नजिकिएसँगै निर्वाचन आयोगले सोध्ने स्पष्टीकरणको चाड नै लागेको छ । प्रमुख दलका शीर्ष नेताहरुदेखि स्वतन्त्र उम्मेद्वारी दिनेहरुलाई समेत आयोगले स्पष्टिकरण सोधिरहेको छ । निर्वाचन आचारसंहिता बिपरीत गतिविधि गरेको भन्दै आयोगले स्पष्टिकरण सोध्दै आएको छ ।

सोमबार आफूलाई सोधिएको स्पष्टिकरणको काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले जवाफ पठाएका छन् । निर्वाचन आयोगले हाम्रो नेपाली पार्टीका विभिन्न निर्वाचन क्षेत्रका उम्मेदवारहरूले ‘जय लौरो’ नामक फेसबुक पेज समेतबाट प्रमुख शाहको समर्थन रहेको भनी गरेको प्रचारप्रसारबारे स्पष्ट पार्न भनेको थियो ।

जवाफ दिँदै बालेनले उक्त पार्टीमा आफ्नो आबद्धता नभएको भन्दै आफ्नो नाम लिएर प्रचार गरिएको हो भने कारबाही गर्दा हुने जवाफ पठाएका छन् । आयोगले शाहलाई इन्जिनियर अनन्तराज घिमिरे अध्यक्ष रहेको हाम्रो नेपाली पार्टीसँग तपाईंको कुनै आवद्धता छ, छैन ?, हाम्रो नेपाली पार्टीसँग कुनै दलगत आबद्धता छैन भने उक्त दलले तस्बिर र नाम प्रयोग गरी आफ्नो दल र उम्मेदवारहरूको मत निरन्तर मागिरहेको देखिएकाले सो कार्य गर्न कुनै व्यक्त वा अव्यक्त सहमति छ, छैन ? भनेर स्पष्ट पार्न भनेको थियो ।

आयोगले सोधेको स्पष्टीकरणको जवाफ दिँदै बालेनले भनेका छन्, ‘स्थानीय सदस्य निर्वाचन २०७९ मा म स्वतन्त्र उम्मेदवारका रुपमा लौरो चुनाव चिन्ह प्राप्त गरी काठमाडौं महानगरपालिकाको प्रमुख पदमा उम्मेदवार भई निर्वाचित

– बाँकी पृष्ठ २ मा





# प्रचण्ड, रवि र नारायणकाजीलाई स्पष्टीकरण

निर्वाचन आयोगले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), माओवादी केन्द्रकै उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई स्पष्टीकरण सोधेको छ । प्रचण्ड गोरखा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन् । रवि प्रतिनिधिसभा सदस्यका चितवन क्षेत्र नं. २ का उम्मेदवार हुन् । तीनै जनालाई निर्वाचन प्रचारप्रसारका क्रममा टोपी प्रयोग गरेको सम्बन्धमा स्पष्टीकरण सोधिएको हो ।

अध्यक्ष प्रचण्ड र उपाध्यक्ष श्रेष्ठसमेत उपस्थित कार्यक्रममा केही व्यक्तिले हसिया हथौडाको संकेत रहेको नेपाली टोपी प्रयोग गरेको सम्बन्धमा आयोगमा प्राप्त उजुरीका आधारमा सो स्पष्टीकरण सोधिएको हो । यस्तै ‘रवि लामिछानेलाई विजयी बनाऔं, यसपालिको मतदान रवि लामिछानेलाई’ भन्ने व्यहोरा छापिएको टोपी प्रयोग गरेको भनी आएको उजुरीका आधारमा लामिछानेलाई स्पष्टीकरण सोधिएको छ ।

निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (घ) मा जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित

– बाँकी पृष्ठ २ मा

# चुनावी प्रचारमै दल अदलबदल

उम्मेदवारहरू प्रचारप्रसारमा ब्यस्त छन् । मतदानका लागि केही दिन बाँकी छ । यही बेला बेला दल अदलबदल बाक्लिएको छ ।



लोसपा परित्यागको घोषणा गर्न आयोजित पत्रकार सम्मेलनमा सहभागी लुम्बिनी प्रदेशकी पूर्वमन्त्री कल्पना पाण्डे लगायतका नेताहरु ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक

४ मंसिरमा हुने प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि उम्मेदवारहरु तय भएर प्रचारप्रयासमा ब्यस्त छन् । मतदानका लागि केही दिन बाँकी छ । यही बेला बेला दल अदलबदल बाक्लिएको छ ।

सोमबार मात्रै नेकपा एकीकृत समाजवादी जुम्ला जिल्ला कमिटी नेकपा एमालेमा विलय भयो । पार्टीको सिंगो कमिटी नै एमालेमा विलय भएपछि एकीकृत समाजवादीका गठबन्धनका तर्फबाट

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# २५ हजार कामदार राजधानीमै अलपत्र

## समयमा कामदार नपुग्दा रोजगारदाताहरु रुष्ट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले काठमाडौंबाट चार्टर्ड विमान उडाउन नपाउने सरकारी निर्णयका कारण वैदेशिक रोजगारीका लागि मलेसिया जाने करिब २५ हजार नेपाली श्रमिक राजधानीमै अलपत्र परेको बताएको छ ।

सरकारले नवनिर्मित भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन सहजताका लागि चार्टर्ड उडान उक्त विमानस्थलबाट मात्रै गर्न पाउने निर्णय गरेको थियो । मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीले

– बाँकी पृष्ठ २ मा

## विश्वकपको समयमा नेपाली दूतावास चार घण्टा मात्रै खुल्ने

काठमाडौं/मस- विश्वकपको समयमा कतारस्थित नेपाली दूतावास चार घण्टा मात्रै खुल्ने भएको छ । विश्वकप फुटबल प्रतियोगिताको समयमा सरकारी कार्यालयको कार्यसमय घटाउने कतार सरकारको निर्णय बमोजिम नेपाली दूतावासको पनि कार्यसमय परिवर्तन गरिएको

– बाँकी पृष्ठ २ मा

## कर्मचारी आवश्यकता

यस अल एसिया ओभरसिज प्रा.ली.को लागि निम्न पदहरुमा कर्मचारी आवश्यकता भएको हुनाले सम्बन्धित क्षेत्रमा अनुभव भएको ईच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

- Office Manager : 1 (M/F) — तलबः ५०,०००
- PRO : 2 (M/F) — तलबः ३०,०००
- Documentation Officer : 1 (M/F) — तलबः ३०,०००
- Receptionist : 2 (M/F) — तलबः १५,०००

तलब तथा सेवा सुबिधामा आपसि समझदारी गर्न सकिने ।

ALL ASIA OVERSEAS PVT. LTD.
Shantinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu
Phone No: 01-4621975, 4621918, 9823239224
Email : info@allasiaoverseas.com
Gov. Lic No. 1305/074/075

## BAHRAIN मा रोजगार

कम्पनीः DC CONTRACTING W.L.L.
शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७९/०७/२१ चलानी नं.: ६०१९०६१८ LT. No.: 274787

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | BD | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 104 | 60 | स. काममा दक्ष | 120 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Blue Ocean Recruitment Pvt. Ltd.
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com
श्रम इजाजत नं. ११६३/०७३/०७४

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
## तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था



माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
२२ कात्तिक २०७९, मंगलबार
8 November 2022, Tuesday

# आज खग्रास चन्द्रग्रहण लाग्ने



**काठमाडौं/मस-** आज कात्तिक शुक्ल पूर्णिमामा ग्रस्तोदित खग्रास चन्द्रग्रहण लाग्ने भएको छ । शेलुकी ०५:११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चाङ्गम्' मा उल्लेख छ । बेलुकी ०५:१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्टरुपमा देखिने छ ।

बेलुकी ०५:२७ बजे ग्रहणको उन्मीलन हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताए । बेलुकी ०६:३४ बजे ग्रहण सकिन्छ । एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिने छ । चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताए ।

कात्तिक २२ गते मंगलबार बिहान ०८:११ बजेदेखि बाल, वृद्ध र बिरामी बाहेकलाई भोजन निषेध गरिएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उनले जानकारी दिए । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । यसअघि कात्तिक ८ गते मंगलबार कार्तिक कृष्ण औँसीका दिन सूर्यग्रहण लागेको थियो । यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ ।

# आज गुरुनानक जयन्ती

**काठमाडौं/मस-** प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन मनाइने शिख सम्प्रदायका प्रवर्तक गुरुनानकको जन्मजयन्ती आज विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । गुरुनानकको जन्म विसं १५२६ कात्तिक शुक्ल पूर्णिमाका दिन पाकिस्तानको पञ्जाव प्रान्तमा भएको थियो । उनले शिख धर्म ग्रन्थ 'गुरु गन्थ साहेव' को रचना गरे । जातिवादको अन्त्य गरी मानवतावादी दर्शनको सुरुवात उनले गराएका थिए ।

गुरु नानक जयन्तीका अवसरमा पशुपतिस्थित राजराजेश्वरी निर्मल अखडामा 'गुरु ग्रन्थ साहेव' पाठ गराउनुका साथै साधुसन्तलाई भण्डारा गराइने स्वामी गोकुलानन्दले जानकारी दिए । यसैगरी पशुपतिकै भष्मेश्वर, ज्ञानेश्वर र थापाथलीमा रहेको गुरुनानक मठमा पनि विविध कार्यक्रम आयोजना गरी नानक जन्मजयन्ती मनाइने जनाइएको छ ।

यस दिन पवित्रस्थल गुरुद्वारामा विशेष पूजा अर्चना गर्दै विभिन्न धार्मिक एवं सामाजिक कार्यक्रम गरी गुरुनानकको जन्मजयन्ती मनाउने गरिन्छ । शिखको पवित्र धार्मिक ग्रन्थ 'गुरु ग्रन्थ साहिब' को रचना गर्ने गुरुनानकले समाजमा व्याप्त अन्धविश्वास, घृणा र भेदभावको अन्त्य गरी आपसी प्रेम र भ्रातृत्वको भावनालाई अभिवृद्धि गर्ने उद्देश्यले विनाभेदभाव निःशुल्क सामुदायिक भोजन गर्ने 'लङ्गर परम्परा' को थालनी गरेका थिए । निर्गुण उपासनाका पक्षपाती गुरुनानक 'ईश्वर एक छन्, उनी सर्वशक्तिमान् छन् यही नै सत्य हो' भन्नेमा विश्वास गरे ।

# देशमै काम दिनेलाई कामदारको भोट

**त्रिवेणी/रासस-** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीका सुशान्त पोखेल मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पहिलोपटक मतदान गर्ने तयारीमा छन् । मतदानको दिन नजिक आउँदा उम्मेदवारका प्रतिबद्धता विभिन्न देखेका उनलाई युवा विदेश पलायन रोक्ने योजना भइदिए हुन्थ्यो भन्ने लागेको छ ।

'दैनिक सयौं युवा विदेश पलायन भइरहेका छन्, युवालाई स्वदेशमै राख्ने खालको वातावरण बनिदिए हुने थियो । मजस्तै धेरै युवा विदेश पलाएन भइरहेका छन्, स्वदेशमा रोजगारीको अवसर भए सायद विदेश जाने थिएनन् होला, राजनीतिक दलले युवालाई देशमै राख्ने वातावरण बनाए हुने थियो', उनले भने, 'पहिलोपटक भोट दिने तयारीमा छु, आशा छ जित्नेले युवाका विषयमा केही सोचून्, भोट दिएपछि कामका लागि विदेश जान नपरोस् ।'

राजनीतिक दलहरूले विकासका योजनाअघि सारे रोजगारीका अवसरसमेत सँगै आउने हुँदा यसतर्फ ध्यान दिनुपर्ने पहिलोपटक मत दिन तयार हुप्सेकोट-४, शङ्खदेवका युवा दिलीप चापागाईंको भनाइ छ । 'रोजगारमूलक योजनाअघि सारी युवालाई उत्पादनमा प्रयोग गर्नसके देशको विकास पनि हुने थियो, युवा रोजगारमा जोडिने थिए,' उनले भने, 'बजेटको उचित सदुपयोग हुने खालका काम भइदिए हुन्थ्यो भन्ने लाग्छ ।'

'मेरो भोटले युवालाई उद्यमशीलतासँग जोड्ने सुनिश्चिता गरोस्, विदेशका खाडीमा पसिना बगाएका स्वदेशमै फर्किएर श्रम गर्ने वातावरण तयार होस् भन्ने लागेको छ,' पहिलोपटक मत दिन तयार कावासोती-६ की मनिषा पौडेलले भनिन्, 'स्वदेशमै अवसर छन्, देश विकासको गतिमा छ, सुशासन कायम छ भन्ने बनोस् ।'

राजनीतिक दलले युवाका लागि विस्तृत योजना ल्याउन भने नसकेको उनको धारणा छ । 'रोजगार सिर्जना गर्ने, युवालाई उत्पादनमा जोड्ने भन्ने प्रतिबद्धता त देखिन्छ तर त्यसको लागि के गर्ने, कस्ता कार्यक्रमले युवालाई जोड्ने भन्ने कमै हुन्छन्, स्पष्ट योजना आवश्यक छ,' उनले भनिन् । निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेदवारले आफ्ना प्रतिबद्धतापत्र सार्वजनिकसमेत गरिरहेका छन् । उम्मेदवारले जिल्लामा औद्योगिक क्षेत्रको स्थापना जोड दिँदै युवालाई रोजगारसँग जोड्ने बताउँदै आएका छन् । कृषि उत्पादनमा युवालाई जोड्ने कतिपय उम्मेदवारले बताइरहँदा स्पष्ट खाका नहुँदा चुनावी नारा मात्रै हो कि भन्ने आशङ्का लागेको स्थानीय युवा राम भुसालले बताए ।

आठ पालिका र ९२ वडा रहेको नवलपुरमा दुई प्रतिनिधिसभा र चार प्रदेशसभा निर्वाचन क्षेत्र रहेका छन् । जिल्लामा कूल दुई लाख ६० हजार चार सय ६१ मतदाता रहेका छन् । कूल मतदातामध्ये पुरुष एक लाख २४ हजार तीन सय ३६, महिला एक लाख ३६ हजार एक सय २१ र अन्य चार जना रहेका छन् ।

# दाजुभाइको दीर्घायुको कामना गर्दै सामा चकेवा

**राजेन्द महतो/मध्यान्ह**
सिरहा, २१ कात्तिक

सामा चकेवा दिदी-बहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामनाका लागि मनाइन पर्व हो । यो पर्व द्वितीया तिथिदेखि पूणिर्मा तिथिसम्म मनाइन्छ । द्वितीया तिथिका दिन दिदीबहिनीले सामा चकेवा पर्वका लागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरुको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन छ ।

मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इंगित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् । तराई मधेशका जिल्लाहरुमा सामा चकेवा पर्व मनाउने प्रचलन देखिन्छ । मुख्यतया चेलीबेटीहरुले आफ्ना दाजु भाइको दीर्घायुको कामना गर्दै रात्रीको समयमा महिला दिदीबहिनीहरुद्वारा सामूहिक रूपमा गीत गाएर रमाइलो तरिकाले खेलिने र गाइने यस प्रकारका गीतमा ढाकीमा सामा चकेवाको प्रतिमा राखेर दियो बाली चुग्लालाई गाली गर्दै नौदेखि एघार दिनसम्म खेलिने लोक संस्कृति हो । खास गरी नेपालको पूर्वी तथा मध्य तराईमा छठ पर्वको एकदिन अगाडि र कतैकतै छठको भोलिपल्टदेखि मनाइन्छ 'सामा-चकेवा' लोक पर्वको शुभारम्भ द्वापर युगमा भगवान कृष्णको समयदेखि नै भएको भन्ने विश्वास छ ।

यो पर्व भगवान श्रीकृष्णकी छोरी साम्बा र छोरा साम्बको कथामा आधारित छ । १० दिनसम्म चल्ने यो पर्व ११ औं दिन पूर्णिमामा विसर्जन गरिन्छ । ११औं दिन माटोको प्रतीकहरूलाई भाइको हातबाट फुटाई खेत वा वनमा विसर्जन गरिन्छ । भाइको उमेर लामो होस् र उसलाई कुनै रोगव्याधि नलागोस् कामनाका साथ सामा मनाईन्छ । बहिनीहरूले सामा, चकेवा, चुगला आदिको माटोको प्रतिमा बनाई बाँसको डालोमा राखी साँझको वेला गीत गाउने गर्छन् । सामा चकेवा पर्वको विशेष पात्र चुगलाको मुखमा १० दिनसम्म कालो पोत्ने गरिन्छ । चुगला अर्थात् कुरा लगाउने पात्र हो । आजभोलि आधुनिक गीत संगीतले यसलाई प्रभावित पारेको कारण ठाउँनुशार यसको खेल्ने तरिका भने अलग अलग बन्दै गइरहेको छ ।

## सुनसान....

तर, राजनीतिक विश्लेषक डा. राजेश अहिराज भने सचिवहरुले मन्त्रीको जति बचाउ गरेपनि उनीहरु मन्त्रालयमा पनि जिम्मेवार हुनुपर्ने बताउँछन् । 'यो कुरामा दुईमत छैन, मन्त्रीहरुले नीतिगत निर्णय नै गर्ने हो, तर चुनाव आयो भन्दैमा उनीहरु मन्त्रालयको जम्मेवारीबाट विमुख हुन मिल्दैन, मन्त्रालय पनि मिलाएर आउनुपर्छ,' उनले भने । साथै उनले मन्त्रीहरुको गतिविधि विकास र परिवर्तनका लागि भन्दापनि सीमित स्वार्थमा केन्द्रित रहेको भन्दै उक्त प्रवृत्तिको सुधार हुनुपर्ने बताएका छन् ।

चुनावका समयमा पनि सरकारी श्रोत साधन प्रयोग गर्ने तर मन्त्रालयप्रति भने जिम्मेवार नहुने प्रवृत्ति झनै बढ्न थालेको छ । निर्वाचन आयोगले चुनावमा सरकारी श्रोत साधनको दुरुपयोग नगर्न उम्मेद्वारलाई निर्देशन दिएपनि प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्रीहरु नै नियमको उल्लंघन गर्न लागिपरेका छन् ।

## प्रष्टीकरणको...

भएको हुँ । यही ४ मंसिर २०७९ मा सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा हाम्रो नेपाली पार्टीले दलगत रुपमा लौरो चिन्ह प्राप्त गरी चुनावमा सहभागी भैरहेको उक्त दल र उक्त दलका कुनै पनि उम्मेदवारसँग मेरो कुनै सम्बन्ध छैन ।'

## प्रचण्ड...

लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने व्यवस्था रहेको छ । निर्वाचन प्रचारप्रसारको लागि क्यापको प्रयोग गर्ने कार्यबाट निर्वाचन आचारसंहिताको उक्त दफा उल्लंघन हुने देखिएकाले पत्र प्राप्त भएको २४ घण्टाभित्र उहाँहरूलाई निर्वाचन आयोग नेपाल वा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न आयोगले भनेको छ ।

उनीहरूलाई निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (घ) को विपरीत भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिमको कारबाही किन हुनुनपर्ने हो ? भनी सोधिएको छ ।

## चुनावी...

प्रदेशसभा १ बाट प्रदेशसभा सदस्यका उम्मेदवार पदमबहादुर रोकाय एक्लिएका छन् ।

एमाले जुम्ला जिल्ला कमिटी अध्यक्ष शान्तिलाल महत र एकीकृत समाजवादी जिल्ला अध्यक्ष आदीप्रसाद न्यौपानेले सात बुँदे संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै समाजवादी पार्टी एमालेमा समाहित भएको घोषणा गरेका हुन् । न्यौपानेको प्रवेशले तीन हजार बढी मत एमालेमा बढ्ने एमाले जुम्ला इन्चार्ज रतननाथ योगीको दाबी छ ।

केही दिन अगाडि नेकपा एकीकृत समाजवादीका वागमती प्रदेश कमिटी सदस्य रमेश पौडेल र मीरा पौडेलसहित जिल्लास्तरीय केही कार्यकर्ता एमालेमा प्रवेश गरे । चुनावी अभियान चलिरहेकै बेला कात्तिक १७ गते आयोजित चुनावी कार्यक्रममै उनीहरू गठबन्धनको विपक्षमा एमालेका प्रतिनिधिसभा उम्मेदवार गोकुल बास्कोटा र प्रदेशसभा उम्मेदवार कुमार खकुरेललाई समर्थन गर्दै नेकपा एस परित्याग गरेका हुन् । उनीहरूसँगै राजेन्द्र पौडेल, अविचल पौडेल, गंगा श्रेष्ठ, रामदास सुवाललगायत पनि एमाले प्रवेश गरेको जिल्ला अध्यक्ष अशोक ब्यान्जुले बताए । उनीहरू सबै पनौती नगरपालिका वडा नम्बर ४ र ७ का हुन् ।

शिक्षक आन्दोलनबाट स्थापित नेता पौडेलले आफूहरू विगतमा एमाले छाडेर नेकपा एसतिर लागेपनि अहिलेको परिस्थितिमा एमाले पराजित हुँदा कम्युनिष्ट आन्दोलन कमजोर हुने देखेर पार्टीमा विनाशर्त फर्किएको बताए ।

कात्तिक १८ गते राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट गोरखा क्षेत्र नम्बर २ प्रदेश १ का उम्मेदवार सुबोध बस्नेत नै माओवादी केन्द्र प्रवेश गरे । गोरखा क्षेत्र नम्बर २ अन्तरगत गोरखा नगरपालिका १२ मा आयोजित लोकतान्त्रीक बाम गठबन्धनको चुनावी कार्यक्रममै बस्नेतले माओवादी केन्द्र प्रवेशको घोषणा गरे । 'गोरखामा देशकै ठुलो लिडर आउनुभएको छ, मेरो उम्मेदवारी निस्क्रीय पार्दै उहाँलाई समर्थन गर्ने निर्णय गरेको छ' बस्नेतले भने ।

कात्तिक १९ गते नेकपा एमालेका जीतपुरसिमरा उपमहानगरपालिका कमिटिका उपाध्यक्ष बिरेन्द्र गिरिसहित करिब तीन सय एमालेका नेता/कार्यकर्ता नेकपा एकीकृत समाजवादीमा प्रवेश गरे । १९ गते नै बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ४ चैनपुर विर्ताका नेकपा एमालेका नेता कन्हाई राउत कुर्मी लोसपामा प्रवेश गरे ।

सोमबार नै लुम्बिनी प्रदेशकी पूर्वमन्त्री कल्पना पाण्डेले लोकतान्त्रिक समाजवादी पार्टी लोसपा पार्टी परित्याग गरिन् । भैरहवामा पत्रकार सम्मेलन गरेर लोसपा पार्टी परित्याग गरी रुपन्देही क्षेत्र नम्बर ३ का उम्मेदवार दीपक बोहरालाई समर्थन गर्ने उद्घोष गरिन् । लुम्बिनी प्रदेश सरकारकी पूर्व उद्योग, वन तथा वातावरण मन्त्रीसमेत रहेकी पाण्डेले मंसिर ४ गते हुने निर्वाचनमा प्रतिनिधि सभामा बोहरा, जसपाका नेता तथा प्रदेश सभा क का उम्मेदवार महेन्द्र यादव र नेकपा एमालेका नेता तथा प्रदेशसभा ख का उम्मेदवार तुल्सि चौधरीलाई समर्थन गर्ने उनले बताइन् ।

चुनावी प्रचारमै दल अदलबदल हुनुलाई उम्मेदवार नबनाएको तुष, पार्टी छोडेर आएकालाई बी अवसर भएको जस्ता तर्क कतिपयको छ ।

## २५ हजार...

नेपाल सरकारले बिना तयारी भैरहवाबाट मात्रै चार्टर्ड उडान गर्न पाउने निर्णय गरेको दाबी गरे । तोकिएको कुनै पनि जहाजले नियमित उडान भरेको नपाइएको भन्दै अध्यक्ष भण्डारीले रोजगारदातालाई दिएको श्रमिक आगमनको तालिका बिग्रिँदा रोजगारदाता कम्पनीले नेपालका वैदेशिक रोजगार व्यवसायीलाई अत्याधिक दवाबसहितको तनाब दिइरहेको बताए ।

कतिपय समयमा नेपाली कामदार नआउँदा उत्पादनमा समेत असर परेको भन्दै रोजगारदाताहरुले चर्को असन्तुष्टि जनाउने गरेको अध्यक्ष भण्डारीले बताए । कामदार समयमा उड्न नपाउँदा राजधानीमा अन्योलपूर्ण अवस्थामा महँगो बसाईका कारण नेपाली श्रमिकहरु आर्थिक भार खेप्न बाध्य भएको भन्दै अध्यक्ष भण्डारीले यस बिषयलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले गहन चासोका साथ लिएर समाधान खोज्नुपर्नेमा संघको तर्फबाट पनि पहल र सार्थक बहस नदेखिएको समेत दाबी गरे ।

श्रम स्वीकृति लिइसकेका कामदार नियमित तालिकामा रोजगार गन्तव्यमा जान नपाउने अवस्था सिर्जना हुनु गम्भीर विषय भन्दै उनले यस विषयमा सम्बन्धित निकायको अबिलम्ब ध्यान जान जरुरी रहेको बताए ।

## विश्वकपका...

जनाइएको छ । नोभेम्बर १३ बाट डिसेम्बर १९ सम्म करिब ३७ दिन कार्यालय अवधि स्थानीय समय अनुसार बिहान ७ बजेदेखि ११ बजेसम्म मात्रै रहने दूतावासले सोमबार सूचनामार्फत सार्वजनिक गरेको छ ।

अत्यावश्यक तथा कन्सुलर सेवाका लागि ४४६७५६८१ र ४४६७५६८३ नम्बरमा दिउँसो २ बजेसम्म सम्पर्क गर्न भने सकिने दूतावासले उल्लेख गरेको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०७/२२**

**एता उता ट्राभल्स एण्ड टुर्स प्रा.लि.** को मिति २०७९/०६/२३ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एता उता एडभेन्चर्स प्रा.लि. (प्रा. लि. नं.: १७६२८१)**, कायम गर्ने गरी मिति २०७३/०६/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकार वाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०७/२२**

**नर्थ सिनेमाज प्रा.लि.** को मिति २०७९/०६/२७ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इन्फिनिटी मुभिज् प्रा.लि. (प्रा. लि. नं.: २०३०६७)**, कायम गर्ने गरी मिति २०७९/०६/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**JOB VACANCY**

**PUBLIC RELATIONS OFFICER**

We are hiring a few **Public Relations Officers** to support our recruiting & sourcing team to place qualified candidates faster. The ideal candidate should have combined knowledge of sourcing techniques with excellent verbal and written communication skills along with a minimum of 2 years of proactive Sourcing Recruitment Officer in a Foreign Employer Agency.

**Please send your CV: cv@motherlandoverseas.com**

**Motherland Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu
Phone: 01-4961111, 9851048599

**देशै भरी हाल डेंगु रोगको प्रकोप फैलिएर महामारीको रूप लिएको छ । त्यसैले डेंगु रोगबाट बच्ने उपायहरू :-**

- पुरा बाहुला भएको कपडा लगाउने ।
- झुल भित्र मात्र सुत्ने ।
- घरको झ्यालढोकामा लामखुट्टे नछिर्ने झुल लगाउने ।
- घर कार्यालय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने ।
- खाल्टा खुल्टी पुर्ने र खाने पानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फुलदानी, कुलर आदीको पानी कम्तीमा हप्तामा एक पटक फेर्ने ।
- पानी जम्मा गर्ने भाडोलाई लामखुट्टे छिर्न नसकने गरी छोप्ने ।

**तसर्थ लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगुबाट बच्ने एक मात्र उपाय हो ।**

- **डेंगु रोगको केहि प्रमुख लक्षणहरु** :- एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मांशपेशी/जोर्नीहरु दुख्ने, वाक वाकी लाग्ने वा वान्ता हुने र आफनो दैनिक खानपान वा रुची नलाग्ने ईत्यादी ।

| **दुर्गा पौडेल** | **वासमती चमार** | **सुखाडी प्रसाद चौधरी** |
|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

**सरावल गाउँपालिका**
**सरावल गाउँपालिकाको कार्यालय**
**(ब.सु.प.), लुम्विनी प्रदेश, नवलपरासी**

**चौंरीदेउराली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मितिः २०७९/०७/२२ गते**

प्रस्तुत विषयमा यस कार्यालयबाट विद्युतिय खरिद प्रकृयाबाट मितिः २०७९/०६/०६ र मितिः २०७९/०६/१४ गते प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको यस कार्यालयबाट मुल्याङ्कन हुँदा तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले यस कार्यालयले उक्त बोलपत्र स्वीकृत गर्ने आशय रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कार्यको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | Jagriti Mavi Baje Rumti Dhal Utisghari Sadak Construction | CDRM/WORKS/NCB/03/079/080 | KP Multi Construction Pvt.Ltd | NRs.2803461.21 |
| २ | Construction of kafle Khel Maidan Majhifeda | CDRM/WORKS/NCB/04/079/080 | Epic Builders Pvt.ltd | NRs.8858190.73 |

**प्रमुख प्रशासकीय अधिकृत**

# राष्ट्रपति भण्डारी आइसल्याण्ड प्रस्थान



**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारी जनगणतन्त्र आइसल्याण्डप्रस्थान गरेकी छिन् । उनीसहितको टोली छ दिने औपचारिक भ्रमणका लागि सोमबार त्यसतर्फ प्रस्थान गरेकी हुन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई उपराष्ट्रपति नन्दबहादुर पुन, सभामुख अग्निप्रसाद सापकोटा र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विदाई गरेका थिए । यसअघि उनलाई सेनाको एक टुकडीले सम्मानगारत अर्पण गरेको थियो ।

महिला राजनीतिज्ञको विश्वव्यापी सञ्जाल 'वुमन पोलिटिकल लिडर्स (डब्लुपिएल)' कार्यक्रममा सहभागी हुन राष्ट्रपति भण्डारी आइसल्याण्ड गएकी हुन् । राष्ट्रपति भण्डारीले 'वुमन पोलिटिकल ट्रेलब्लेजर अवार्ड' समेत ग्रहण गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ । राष्ट्रपतिको भ्रमण दलमा उनकी छोरी उषाकिरण भण्डारी, मन्त्रालयका सचिव भरतराज पौड्याललगायत छन् । भ्रमण पूरा गरी राष्ट्रपति भण्डारी कात्तिक २६ गते स्वदेश फर्कने कार्यक्रम छ ।

यसैबीचराष्ट्रपति भण्डारीले आफ्नो अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन हुने कार्य उपराष्ट्रपतिबाट सम्पादन गरिने गरी तोकेकी छिन् । राष्ट्रपतिले आफ्नो अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन हुने कार्य नेपालको संविधानको धारा ६७ को उपधारा(२) बमोजिम उपराष्ट्रपतिबाट सम्पादन गरिने गरी तोकेकी राष्ट्रपति कार्यालयले जनाएको छ । महिला राजनीतिज्ञको विश्वव्यापी सञ्जाल 'वुमन पोलिटिकल लिडर्स (डब्लुपिएल)' कार्यक्रममा सहभागी हुन राष्ट्रपति भण्डारी आइसल्याण्ड प्रस्थान गरेकी हुन् ।

# एकपक्षीय समाचार सम्प्रेषण नगर्नु : प्रेस काउन्सिल

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले निर्वाचन केन्द्रित समाचार तथा विज्ञापनहरू एकपक्षीय रूपमा सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

काउन्सिलले जारी गरेको प्रेस विज्ञप्तिमा सञ्चार माध्यमलाई निर्वाचनको प्रचारप्रसारको क्रममा निर्वाचनमा सहभागी राजनीतिक दलका आमसभा/भेलाजस्ता कार्यक्रम चलिरहेको अवस्थामा यस्ता कार्यक्रमको समाचार एकपक्षीय रूपमा सम्प्रेषण नगर्न ध्यानाकर्षण गराएको हो ।

सञ्चार माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको मत आह्वान विज्ञापनहरू प्रकाशन/प्रसारण गर्दा निर्वाचन आचारसंहिताबमोजिम सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्नेमा ध्यानाकर्षण गरेको छ । काउन्सिलले आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरिएका कतिपय अनुगमन, कारबाही, अपिलजस्ता विषयलाई अन्यथा रूपमा नबुझ्न सम्बन्धित पक्षलाई आग्रह पनि गरेको छ। काउन्सिलका सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहोराले स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनका लागि कटिबद्ध रही आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरिएका कतिपय अनुगमन, कारबाही, अपिलजस्ता विषयलाई अन्यथा रूपमा नबुझ्न र भ्रमपूर्ण तवरले प्रचारप्रसार नगर्न आग्रह गरेको छ ।

अनुगमनका क्रममा कतिपय सञ्चार माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको मत आह्वानसम्बन्धी विज्ञापनहरू प्रकाशन/प्रसारण भइरहेको उल्लेख गर्दै तोकिएको आकार, समय र पटकलाई ध्यान दिन भनिएको छ ।

# डेंगु संक्रमण ह्वातै घट्यो

**काठमाडौं/मस–** वर्षायामसँग बढेको डेङ्गुको संक्रमण ह्वात्तै घटेको छ । वर्षायाम सकिएको र जाडो सुरु हुन थालेपछि डेङ्गुको संक्रमण घटेको हो । अहिले मौसम चिसो भएको र लामुखुट्टेको हुर्कने पानी जम्ने ठाउँ नभएपछि 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टे पनि हराउँदै गएको छ । जसले गर्दा डेङ्गुको संक्रमण पनि कम हुँदै गएको छ ।

वर्षायाममा कुनै समय एकहप्तामा पाँच हजार भन्दा बढी डेङ्गुका बिरामी भेटिएका थिए । अहिले त्यो सङ्ख्या निकै घटेको छ । गत मङ्गलबार (यही कात्तिक १५ देखि कात्तिक २० गते) सम्म छ सय २४ जनामा मात्र डेङ्गुका बिरामी भेटिएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ । जवकी अंग्रेजी महिना अक्टोबरमा (गत असोज १५ देखि कात्तिक १५सम्म) मा १७ हजार सात सय १७ जनामा र अङ्गेजी महिना सेप्टेम्बरमा २७ हजार पाँच सय २९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले डेङ्गुको सङ्क्रमण विगत दुई हप्तादेखि घटेको बताए । उनले वातावरणको प्रभाव र रोकथाम तथा नियन्त्रणमा गरेको कामको आधारमा डेङ्गुका बिरामी घटेको बताए ।

महाशाखाकै कीटजन्यरोग शाखाप्रमुख डा गोकर्ण दाहालले जनवरीदेखि ३७औं हप्तासम्म डेङ्गुको सङ्क्रमण बढेको र त्यसपछि ३८औं हप्तादेखि घटन सुरु भएको जानकारी दिए । उनका अनुसार ४३औं हप्तामामा हजारभन्दा कमको संख्यामा डेङ्गुका बिरामी भेटिएका छन् । ४४औं हप्तामा आइपुग्दा छ सय २४ जनामा मात्र डेङ्गुको संक्रमण देखिएको छ ।

उनले अबको १५ दिनभित्र यो संख्या निकै कम हुने बताए । महाशाखाका निर्देशक डा दासका अनुसार संक्रमण दर उच्च भएको बेला नेपालमा डेङ्गु-१, डेङ्गु-२, डेङ्गु-३ र डेङ्गु-४ चार प्रकारका देखिएका थिए ।

महाशाखाका निर्देशक डा दासले सङ्क्रमण अघि गरिएको १२ वटा नमूनामा सात वटामा डेङ्गु-१ र पाँच वटा नमूनामा डेङ्गु-३ देखिएको जानकारी दिए । अहिले फेरि कुन तहको डेङ्गु रहेको छ भनेर पत्ता लगाउनका लागि नमूना परीक्षण गरिएको छ । त्यसको रिर्पोट अझै नआएको उनको भनाइ छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा.मनिषा रावलका अनुसार अहिले अस्पतालमा नौ जना मात्र बिरामी रहेका छन् । तीमध्ये तीन जना सघन उपचार कक्ष (आइसियु) र छजना साधारण शय्यामा उपचाररत रहेका छन् । अस्पतालका प्रमुख कल्सन्टेन्ट फिजिसियन डा.बिमल चालिसे विगत १५ दिनदेखि डेङ्गुका बिरामी आउनेको संख्यामा कमी भएको बताए ।

उनले अस्पतालको आकस्मिक सेवा, बहिरङ्ग सेवा र परीक्षण गराउने आउने बिरामी घटेको बताउँछन् । अस्पतालमा पहिले दैनिक एक सय ५० देखि एक सय ७० बिरामी उपचार गर्न आउने गरेपनि अहिले त्यो संख्या घटेको छ । साँझ-बिहानको समयमा सक्रिय हुने मौसममा सफा र जमेको पानीमा बस्न 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट डेङ्गुको संक्रमण हुने गर्दथ्यो ।

नेपालमा यसवर्ष सबैभन्दा बढी डेङ्गुका बिरामी भेटिएका छन् । असारदेखि असोज मसान्तसम्म सबैभन्दा बढी डेङ्गुका बिरामी भेटिएका हुन् । यसवर्ष मात्र ५० हजार दुई सय ६३ जना डेङ्गुका बिरामी भेटिएका छन् । तीमध्ये ५४ जनाको डेङ्गुका कारणले निधन भइसकेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले डेङ्गुका बिरामी घटेको बताउँछन् । उनका अनुसार अहिले २० जना मात्र डेङ्गुका बिरामी उपचारत रहेका छन् ।

नेपालमा पहिलो पटक सन २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ । सन् २००६ मा ३२ जना, २०१० मा नौ सय १७ जना, २०१३ मा छ सय ८६ जना, २०१६ मा एक हजार पाँच सय २७ जना, २०१७ मा दुई हजार एक सय ११ जना, २०१८ मा आठ सय ११ जना र २०१९ मा डेङ्गु बढेको पाइन्छ ।

तिमध्ये सबैभन्दा बढी २०१९ मा १७ हजार नौ सय ९२ जनामा डेँगुका बिरामी देखिएका थिए । त्यसपछि कोरोना भाइरसका कारणले नेपालमा डेङ्गुको सङ्क्रमण कम देखिएको छ । सन् २०२० मा पाँच सय ३० जना र सन् २०२१ मा पाँच सय ४० जना डेङ्गुका बिरामी देखिएका थिए ।

## भुलसुधार

मिति २०७९/०७/२१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस श्री नमूना मावि मुर्कुचीको "बोलपत्र स्वीकृत गर्ने आशयको सूचना" विज्ञापनमा प्रकाशित मिति २०८९/०७/२१ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
ग्वार्को शाखा, ललितपुर महानगरपालिका, ललितपुर
सम्पर्क फोन: +९७७-०१-५७०२५७९/७८

**लकर उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री चन्दमान तामाङको नातिनी, कृष्ण बहादर तामाङको छोरी बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला, गणेशस्थान गा.बि.स. वडा नं २ हाल बेथानचोक गाउँपालिका वडा नं. ४ बस्ने ३४ वर्षको सावित्री तामाङको मिति २०७९/०५/३० (ई.सं. १५/०९/२०२२) मा मृत्यु भएकोले स्व. सावित्री तामाङको जेठो दाई हाल बेथानचोक गाउँपालिका वडा नं. ४ बस्ने श्रीमान तेजमान लामाले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको ग्वार्को शाखा, ललितपुर महानगरपालिका, ललितपुरमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

ISO 9001 Certified Bank
CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**महिला तथा पुरुषहरूलाई क्रोएशिया (युरोप)मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: SKILLED LABOR D.O.O. शहर: CROATIA, HRVATSKA
पूर्व स्वीकृत मितिः २०७९/०२/३० चलानी नं.: ६०१८०८५६ LT. No.: 264662 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 5 | 0 | स. काममा दक्ष | 600 | ७८,३९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barman | 10 | 0 | | 600 | ७८,३९६ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 700 | ९१,४६२ | | | | | | | |
| 4. | Cooks | 10 | 0 | | 600 | ७८,३९६ | | | | | | | |
| 5. | Electrician | 9 | 0 | | 650 | ८४,९२९ | | | | | | | |
| 6. | Factory Worker | 20 | 20 | | 550 | ७१,८६३ | | | | | | | |
| 7. | Kitchen Helper | 5 | 0 | | 550 | ७१,८६३ | | | | | | | |
| 8. | Mason | 10 | 0 | | 650 | ८४,९२९ | | | | | | | |
| 9. | Metal Fabricator | 9 | 0 | | 700 | ९१,४६२ | | | | | | | |
| 10. | Sewing | 0 | 9 | | 550 | ७१,८६३ | | | | | | | |
| 11. | Shuttering Carpenters | 5 | 0 | | 650 | ८४,९२९ | | | | | | | |
| 12. | Steel Fixer | 10 | 0 | | 650 | ८४,९२९ | | | | | | | |
| 13. | Tile Mason | 8 | 0 | | 650 | ८४,९२९ | | | | | | | |
| 14. | Waiter | 10 | 0 | | 550 | ७१,८६३ | | | | | | | |
| 15. | Warehouse Worker | 6 | 0 | | 550 | ७१,८६३ | | | | | | | |

यसै कम्पनीको लागि Breakfast Chef, Restaurant Cook, Grill Chef, Pastry Chef, Pizza Chef, Buffet Server, Fish & Meat Chef, Bartender, Waiter, Barista, Kitchen Helper, Maid/Housekeeping, Laundry Attendant, Gardener, Pool Attendant, Food Runner, Supermarket Shelf Attendant, Supermarket Logistic Assistant, Plumber with Pipe Welding Skills, Steel Fixer, Formwork Carpenter, Concrete Mixer Truck Driver, Furniture Carpenter, Electrician, GMAW Welder & Industrial Maintenance Electrician को पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

नोटः बोर्डिङ पढेका र अंग्रेजी राम्रोसँग लेख्न र बोल्न सक्ने हुनु पर्दछ । पिसिसि रेडी भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिईनेछ । पिसिसिमा लाग्ने खर्च कामदार आफैले ब्यहोर्नु पर्नेछ ।

प्रि-अन्तर्वार्ता धमाधम भैरहेको छ । प्रि-अन्तर्वार्तामा पास भएकालाई फाइनल अन्तर्वातामा समाबेस गरिनेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २८ देखि मंसिर ५ गते सम्म (14 to 21 Nov. 2022) मा यसै कम्पनीको प्रतिनिधीबाट लिइने छ ।

अन्तर्वातामा आउँदा राहदानी, फोटो, काम गरेको अनुभवको प्रमाणपत्र साथमा लिएर आउनु पर्नेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Good Luck
Gov. Lic. No. 1357/074/075
**Good Luck International Manpower Pvt. Ltd.**
ठेगानाः अल नेपाल हस्पिटल गेटबाट सुप्रिम कलेज गेट जाने बाटोमा सुनचाँदी पसल सँगै, सामाखुसी, काठमाडौं Tel: 14989404
E-mail: ceogoodluckinternational@gmail.com, paneru2005@gmail.com, Web.: www.manpowersnepal.com
Mobile No. 9851326295, 9851326291, 9851326296, 9851326293
A Complete Recruiting Solution.
WhatsApp No. 9851145668 मार्फत विश्वभरबाट सम्पर्क गर्न सकिनेछ ।
आर्थिक कारोबार गर्दा यस कार्यालयको लेखा शाखाबाट मात्र गर्नुहोला । अन्यबाट गरेको कारोबार यस कार्यालय जिम्मेबार हुने छैन ।

**साउदीमा रोजगार** | १. कम्पनी: ZAID AL HUSSAIN & BROTHERS CONTRACTING GROUP COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९३५९ LT. No.:273712 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pest Control Agent | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४१,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 15 | 0 | | 1000 | ३४,९८० | | | | | | | |

२. कम्पनी: OZONE MEDICAL COMPLEX शहर: JUBAIL
पुर्व स्वीकृत मितिः २०७८/०७/११ चलानी नं.: ६०१६६५२८ LT. No.: 249507 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL NURSE | 0 | 20 | स. काममा दक्ष | 3500 | १२२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Manaslu International Services
**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**मलेसियामा रोजगार** | १. कम्पनी : CYBAX EQUIPMENT MANUFACTURING SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०७/२१ चलानी नं.: ६०१९०६८७ LT. No.: 274957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 17 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : LITTLE NYONYA FOOD INDUSTRIES SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०७/२१ चलानी नं.: ६०१९०६८६ LT. No.: 274956

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Worker | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रिलायन्स एच. आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. १३२/०६७/०६८
पो.ब.नं. ११५२४, टोखा १०, गोंगबु, काठमाडौं, फोनः ४९८०७६६, फ्याक्सः ४९८७५५५, ९८५११२७७२१

**साउदीमा रोजगारको अवसर** | कम्पनी: EASTERN PERFECTION CONT. CO. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०२२/०६/१६ चलानी नं.: ६०१९०६९१ L.T. No.: 265192 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 12 | 0 | स. काममा दक्ष | 1200 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851149287
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

**MALAYSIA मा रोजगार** | कम्पनी: EXACT MANAGEMENT SERVICES SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०७/२० चलानी नं.: ६०१९०६८९ LT. No.: 274882

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 5 | 0 | स. काममा दक्ष | 1500 | ४१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: MEDICAL RUBBER PRODUCTS SB शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०७/२१ चलानी नं.: ६०१९०६८८ LT. No.: 275016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | स. काममा दक्ष | 1500 | ४१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BIGYAN H.R. MANAGEMENT (P.) LTD.
Govt Lic No. 1503/074/075
**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

**मलेसियामा रोजगार** | कम्पनी : GOLD KOGYO MALAYSIA SND. BHD. शहर: Selangor
पूर्व स्वीकृत मितिः २०७९/०७/२१ चलानी नं.: ६०१९०६९२ LT. No.: 275005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERA WORKER | 25 | 0 | स. काममा दक्ष | 1500 | ४१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: GOOD SPA HEALTH INSTITUTE FOR MEN शहर: SAFAT
पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२३७ LT. No.: 264124 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 24 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५०,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 24 | 0 | | 120 | ५०,९७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९, ३० र मंसिर १ गते (15, 16 & 17 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**Link International Placement Service Pvt.ltd.**
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

मध्यान्ह
www.madhyanhadaily.com
२२ कात्तिक २०७९, मंगलबार
8 November 2022, Tuesday

## सम्पादकीय

## चुनाव बाहेक गर्नुपर्ने काम

निर्वाचनको मिति नजिकिएसँगै देशको प्रमुख प्रशासनिक केन्द्र सुनसानजस्तै हुन पुगेको छ । प्रधानमन्त्री शेरबहादुर देउवादेखि मन्त्रीहरू समेत चुनावी प्रचारमा निस्किएपछि सिंहदरबारको चहलपहल घटेको हो । निर्वाचन आयोगले कात्तिक १७ गतेदेखि चुनावी प्रचारप्रसारको समय दिएको छ । त्यसैअनुसार, प्रधानमन्त्री देउवा गृह जिल्ला डडेलधुरा सहित सूदुरपश्चिम भ्रमणमा छन् । लगभग सबैजसो मन्त्रीहरू उम्मेद्वार भएकाले आफ्नो निर्वाचन क्षेत्र पुगेका छन् । आयोगले आचारसंहिताभित्र रहेर प्रचारप्रसारको सुविधा दिएकाले उनीहरू आफ्नो क्षेत्रमा केन्द्रीत भएका छन् । चुनावी सरकार भएकाले पनि प्रधानमन्त्रीदेखि मन्त्रीहरू यसबेला प्रचारमा निस्किनु अस्वभाविक होइन । चुनाव पछि नयाँ सरकार बन्ने भएकाले यो सरकारबाट ठूलो अपेक्षा गर्न सकिन्न । दीर्घकालीन असर पर्ने कार्यक्रम ल्याउने सुविधा पनि यो सरकारलाई छैन ।

तर चुनावी बातावरण निर्माणसँगै दैनिक प्रशासन सञ्चालनको काम भने फेरि पनि अहिलेकै सरकारले गर्ने हो । तसर्थ दैनिक प्रशासनिक काम गर्नु प्रधानमन्त्री र मन्त्रीहरूको दायित्व हो । त्यो दायित्वमा अघिल्ला पटकहरू जस्तै यसपटक पनि मन्त्रीहरू देखिदैनन् । जसरी पनि चुनाव जित्ने दौडमा उत्रिएका छन् । यदि आदर्शकै कुरा गर्ने हो भने मन्त्रीहरू चुनाव जित्न प्रचार गरिरहनु नपर्ने हो । किनकि उनीहरूको कार्य सम्पादन हेरेरै मत पाउने थिए । त्यसबिपरीत मतदाता प्रभावित बनाउन राज्यस्रोतको दुरूपयोग हुने गरेको आरोप हाम्रा मन्त्रीहरूले खेप्ने गरेका छन् । कतिपय अवस्थामा बहालवाला मन्त्री नै सांसदमा पराजित भएका उदाहरण भेटिन्छन् । तसर्थ मन्त्रीहरू चुनावी प्रचारमा छन्, त्यो छुट पाएका पनि छन् ।

यसको अर्थ चुनावी सरकार भन्दैमा जनताका आधारभूत कामहरू भने रोकिनु हुन्न । विशेषगरी नागरिकको जीवनरक्षाको दायित्व सरकारको भएको भूल्न मिल्दैन । राजधानी उपत्यका सहित देशभरको मौसम चिसिदै गएको छ । यो क्रम बढेर शितलहर, हिमपात जस्ता समस्या देखिन सक्छ । यो समस्याबाट नागरिकको जीवनरक्षा गर्न आवश्यक व्यवस्था गर्न सरकारी निकायबाट हुन आवश्यक छ । तर मतकै निम्ति त्यस्तो काम गरिनु हुन्न, त्यसबाट सचेत हुनैपर्छ । तर आवश्यक तयारी तैनाथ गर्नै हुन्न भन्नु मानवीयता बिपरीतका कार्य हुन् । चुनाव त केही दिनभित्रै सकिदैछ, तर समस्या भने त्यसपछि पनि आउन सक्छ । अतः मन्त्रीहरू विदाइ हुँदै गर्दा पनि आफ्नो दायित्व पूरा गर्नु अशल नागरिकको भूमिका पनि हो । चुनाव भन्दैमा सम्पूर्ण प्रशासनिक र जनताको दैनिक कार्य प्रभावित गरिन हुन्न ।

# अव्यवस्थित शहरीकरणको समस्या

*राज्यको तर्फबाट शहरी क्षेत्रको अध्ययन, विकास निर्माणको अनुगमन फितलो र कमजोर भएको हुनाले समस्या बढ्दो छ । राज्यले बेलैमा यसतर्फ ध्यान दिएन भने आगामी समय थप समस्या नियन्त्रण बाहिर जानेछ ।*

अग्रलेख



● झलक शर्मा

नेपालमा शहरीकरण अव्यवस्थित छ । ग्रामीण भेगमा पर्याप्त विकास र अवसरको अभावका कारण शहरमा बसाइँसराइँ गर्नेको संख्या दिनानुदिन बढ्दो छ । मानिसहरु ग्रामीण भेगमा भोगेका दुःख, कष्ट तथा अभावलाई पन्छाउन शहर झर्ने गर्दछन् । शहरमा तुलनात्मकरूपमा ग्रामीण भेगमा भन्दा बढी भौतिक पूर्वाधारहरु हुने गर्दछन् । जहाँ मानिसहरुको बाक्लो उपस्थिति हुन्छ, त्यहाँ आर्थिक कृयाकलापहरु पनि बढी हुने गर्दछन् । आयआर्जनका प्रशस्त अवसरले मानिसलाई कृयाशिल तथा परिश्रमी बनाएको हुन्छ । शहरमा सरल र सुबिधाभोगी जीवन बिताएको मान्छे पछि ग्रामीण भेगमा फर्कन चाहँदैन । आफुँसँगै भावी पुस्तालाई पनि शहरमा नै स्थापित गराउने चाहना राखेको हुन्छ । यसकारण मानिसहरु शहरमा घरघडेरी जोड्न तर्फ उन्मुख हुन्छन् । जे छ शहरमा नै छ भन्ने मानसिकताले शहरमा जनसंख्याको चाप बढ्दै छ । नेपालमा योजना बिना नै बस्ति विकास गर्ने, सम्म समथर भू-भाग देख्ने बित्तिकै शहरको परिकल्पना गर्ने अभ्यास हुँदै आएको छ ।



तर, प्राविधिक अध्ययन बिना नै शहरको रूपमा विकास गर्दा त्यहाँ बसोबास गर्ने मानिसहरुको जीवन कष्टकर र दुःखदायी हुने गरेको छ । शहरमा परिष्कृत र सभ्य समाज निर्माण गर्न सकिएको छैन । दिगो विकासलाई ध्यान नदिई जग्गा जमिनको उपभोग गरिएको छ । आजभोली शहरमा देखिनु पर्ने वास्तविक सुन्दरता देख्न सकिन्न । मलिलो जमिनलाई प्लटिङ्ग गरेर घडेरीकरण गर्ने दुश्साहस गरिएको छ । यस्तो प्रवृत्ति रोक्न सरकारको कुनै नीति तथा रणनीतिले प्रभावकारी रूपमा काम गरेको देखिँदैन । झन् शहरहरु अनियन्त्रित बन्दै गएका छन् । यस्तै प्रकृया निरन्तर रहे भावी दिनमा शहरमा बस्न लायक ठाउँ रहँदैन । जोखिम, अभाव र असुरक्षाले सधैं त्राही त्राही बनाएको छ ।

नेपालमा अनियन्त्रित शहरीकरण हुनुका कारणहरु सुक्ष्मरूपमा औल्याइनु आवश्यक छ । देशमा सन्तुलित विकास हुन सकेको छैन । ग्रामीण भेगमा रोजगारीका अवसरहरु सिर्जना गर्न सकिएको छैन । शिक्षा, स्वास्थ्य, व्यापारका लागि शहर नै झर्नुपर्ने बाध्यता रहेको छ । बसाइँसराइँलाई व्यवस्थित गर्न सकिएको छैन । गरिबी, असमानता, छुवाछुत तथा भेदभावबाट मुक्त हुनको लागि पनि मानिसहरु शहर केन्द्रीत हुन चाहान्छन् । वर्तमान अवस्थामा नेपालका शहरहरु बढी प्रदुषित छन् । उद्योग कलकारखानाहरु बस्ती कै वरीपरी स्थापना गरिएका छन् । यातायात र सडकको अवस्था ज्यादै नाजुक छ । सार्वजनिक यातायातमा यात्रु खचाखच भरिन्छन् भने सडकमा धुवाधुलोको मात्रा अत्याधिक छ । सवारी साधन पार्किङ्गको लागि उपयुक्त ठाउँ निर्माण गरिएको छैन । पैदल यात्रु हिँड्ने बाटोमा नै पार्किङ्ग गर्ने गरिएको छ । घना बस्तीमा साँघुरा गल्लीहरु रहेका छन् । त्यस्ता बस्तीहरुमा विपद् तथा आपतकालिन अवस्थामा दमकल, एमबुलेन्स, रेस्क्यु टोली तथा प्रहरी पुग्न कठिन हुने गरेको छ । नदी, खोला खोल्साको छेउछाउमा घर बनाउने र जोखिमलाई इन्कार गर्ने प्रवृत्ति बढ्दो छ । फोहोर व्यवस्थापन गर्न हम्य हम्य भएको छ । उपयुक्त स्थानमा डम्पिङ साइड निर्माण गरिएको छैन । नगरपालिकाहरुले शहर कै छेउछाउको जंगल, नदी, खोला तथा खाली ठाउँहरुमा फोहोर बिसर्जन गर्ने गरेका छन् । फोहोर बिसर्जन, त्यसको रिसाइकलका लागि दीर्घकालीन उपाय तथा योजना बन्न सकेको देखिँदैन ।

ग्रामीण भेगलाई जोड्न सडकको निर्माण, यातायात तथा ढुवानीको व्यवस्था गर्न सकिएको छैन । सरकारी अस्पतालहरुमा जहिले पनि बिरामीहरुको ठूलो भीड हुन्छ । भारी वर्षामा नदी, खोला खोल्साहरु बढेर बस्ती डुबानमा पर्ने जोखिम छ । मापदण्ड विपरित बनाइएका घर, भवनहरु भूकम्प प्रतिरोधी छैनन् । यसले मानिसको जनधनको क्षति बढाउँदै लगेको छ । काठमाडौं उपत्यकालगायत केही उपत्यका, नगरपालिकाहरुमा पानीको निकै अभाव छ । ढललाई नदी, खोलामा मिसाउने र खुला छोड्ने कार्यले मानिसको स्वास्थ्यमा निकै असर पारेको छ । राजधानीमा अस्थायीरूपमा बस्नेले डेरामा नपाउने र यदि पाइहाले न्यूनतम तिरेको शुल्कमा सेवा नपाइने अवस्था छ । घरभाडा कर उठाउन सरकार चुकिरहेको छ । चोरी डकैती हत्या हिंसा जस्ता अपराधिक गतिविधि बढ्दै गएको छ । जनतालाई शान्ति सुरक्षाको प्रत्याभूत गराउन सुरक्षा निकायलाई कठिन बन्दै गएको छ । अत्याधिक सेवाग्राहीको चापले सार्वजनिक सेवा प्रवाह गर्न मुस्किल हुँदै गएको छ ।

*शहरीकरणलाई व्यवस्थित बनाउने उपाय संघीयतालाई पूर्णरूपमा कार्यान्वयन गर्ने पनि हो । त्यसो गर्न सकेमा सबै प्रदेशमा सन्तुलित विकास गरी स्रोतसाधनको उच्चतम सदुपयोग गर्न सकिन्छ । ग्रामीण भेगमा विकासका पूर्वाधारहरुको निर्माण गरी बसाईंसराईंलाई नियन्त्रण गर्न सकिन्छ ।*

सर्वप्रथम त शहरीकरणलाई व्यवस्थित बनाउन संघीयतालाई पूर्णरूपमा कार्यान्वयन गर्नुपर्दछ । सबै प्रदेशमा सन्तुलित विकास गरी स्रोतसाधनको उच्चतम सदुपयोग गर्नुपर्दछ । ग्रामीण भेगमा विकासका पूर्वाधारहरुको निर्माण गरी बसाईंसराईंलाई नियन्त्रण गर्नु आवश्यक छ । शहरमा स्थापना भएका उद्योग, कलकारखाना समाज, बस्तीभन्दा टाढा स्थापना गर्ने र सोअनुरूप राज्यले मापदण्ड तयार गर्नुपर्दछ । फोहोर तथा प्रदुषण गर्नेले नै प्रदुषण नियन्त्रणसम्बन्धि अभियान सञ्चालन गर्नुपर्छ भन्ने सिद्धान्त पोलुटर पेज प्रिन्सिपल (पिपिइ)लाई कार्यान्वयनमा ल्याउनु पर्दछ । बजेटको कार्यान्वयन गर्न आर्थिक वर्षको अन्त्य तिर गर्न खोज्ने असारे विकासलाई नियन्त्रण गरी निश्चित समयमा विकास निर्माण गर्न जोड दिनुपर्दछ । ठेक्का, करार, सम्झौताहरु समयमा नै सम्पन्न गर्न राज्यले उचित निर्देशन दिनुपर्छ । धुलाम्य सडक हुनबाट रोक्नुपर्दछ । पुराना सवारी साधनहरु सञ्चालनमा रोक ल्याई आधुनिक तथा विद्युतिय गाडीहरु सञ्चालनमा राज्यले प्रोत्साहन गर्नुपर्दछ । पार्किङ्गका लागि उपयुक्त स्थान छनोट गर्ने, त्यसका लागि सरकारी जग्गा नभए जग्गा धनीलाई मुअब्जा दिलाई पार्किङ्गको व्यवस्था गर्नुपर्दछ । मिचिएका तथा सम्झौता विपरित बनाइएका संरचनालाई कानूनबमोजिम हटाउनु पर्दछ । फुटपाथ व्यवसाय, ठेला गाडाहरु सडकबाट हटाउनु आवश्यक छ ।

अस्पतालहरुमा हुने भिडभाडलाई नियन्त्रण गर्न अस्पतालहरुले विभिन्न मोबाइल एप्लिकेशन निर्माण गर्ने, अनलाइनबाट नै टिकट काट्ने, एपोइन्टमेन्ट लिने, टेलिमेडिसिन जस्ता व्यवस्था मिलाउनु पर्दछ । मापदण्ड विपरित र खोलाखोल्सामा कसैलाई पनि घर, भवन निर्माण गर्नबाट रोक लगाउनु पर्छ । सरकारी मापदण्ड, आचारसंहिता नमान्नेलाई कारबाहीको दायरामा ल्याउनु पर्छ । ढल, फोहोरमैला खोला खोल्सामा मिसाउने कार्य तत्काल रोकी त्यसको उचित व्यवस्थापन गर्न सरकार अग्रसर हुनु आवश्यक छ । नगरबासीलाई भुकम्प प्रतिरोधि घर, भवन निर्माण गर्न प्रोत्साहन गर्ने र भवन निर्माण सम्बन्धि मापदण्ड तयार गर्नु पर्छ । नगर क्षेत्रमा प्रशस्त पानी उपलब्ध गराउन पानीको मुहानको खोजी गर्ने, त्यसका लागि प्रशस्त बजेट बिनियोजन गर्नुपर्दछ । नदीनाला,खोला, इनार, कुवाहरु सफा राख्न जनचेतना फैलाउनु पर्छ । शहरी क्षेत्रमा वायुको गुणस्तर नाप्ने र सोअनुरूप वातावरण स्वच्छ राख्न प्रयास गर्नुपर्छ । समाजमा हुने अपराधिक गतिविधि नियन्त्रण गर्न शान्ति सुरक्षामा सुदृढिकरण गर्नु पर्ने देखिन्छ ।

हुन त राज्यले शहरीकरणलाई व्यवस्थित बनाउन नखोजेको होइन, प्रभावकारीरूपमा नागरिकले सोचेअनुरूपको परिवर्तन हुन नसकेको हो । राज्यको तर्फबाट शहरी क्षेत्रको अध्ययन, विकास निर्माणको अनुगमन फितलो र कमजोर हुनाले यस्तो समस्या आएको हो । मुलुक संघीयतामा गइसकेकोले यो अवस्थामा सबै तिनै तहका सरकारहरु एक आपसमा समन्वय गरी शहरी क्षेत्रको व्यवस्थित विकास गर्नु जरुरी छ । राज्यको तर्फबाट सघन शहरी विकास, नयाँ शहर आयोजना, स्मार्ट शहर, एक शहर एक पहिचान, जनता आवासका कार्यक्रम तथा भवन निर्माणका विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । चालु बजेटमा शहरको सुन्दरतालाई बिगार्ने गरी प्रयोग भएका तार, खम्बाहरुको व्यवस्थापन गर्न तथा शहरी पूर्वाधार निर्माणका क्रममा खन्ने र बन्ने अनि पुनः खन्ने प्रवृत्तिको अन्त्य गर्न शहरी क्षेत्रमा क्रमशः यूटिलिटी कोरिडोर निर्माण गर्दै लगिने बताएको छ । सिन्धुली, बारा, तनहुँ र पाल्पा जिल्लालाई नेपाली मोलिक शैली र विशेषता झल्किने संरचना सहितको नयाँ शहरको रूपमा विकास गर्न अध्ययन गर्ने त्यस्तै ओलाङचुङगोला, किमाथाङ्का, उपल्लो मनाङ, लोमाङथाङ, डोल्पो बुद्ध, लिमी र हिल्सामा व्यवस्थित हिमाली शहर विकास गर्न अध्ययन गरिने कुरा बजेटमा उल्लेख गरिएको छ । चालु पन्ध्रौं योजनाको उद्देश्य विपद् प्रतिरोधी, मानव केन्द्रीत, आर्थिक रूपमा गतिशिल, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने रहेको छ ।

मुलुकको योजना, बजेट, नीति तथा कार्यक्रमहरु सधैं जनताप्रति उत्तरदायी छन् तर, तिनीहरुको कार्यान्वयन पक्षमा निकै फितलो रहेको छ । समस्याहरु थाती राख्ने तर, त्यसको समाधान गर्न उन्मुख नहुने बानी रहेको छ । आर्थिक अभाव, राजनीतिक अस्थिरतालाई प्रमुख कारण देखाई विकास निर्माणबाट पन्छिन खोजिन्छ । समस्याको खोजी गर्ने र तिनीहरुको समाधानका उपायहरु अबलम्बन गर्न सक्नुपर्छ । सुन्दर व्यवस्थित शहर बनाउन स्थानीय सरकार, राजनीतिक दल, नागरिक समाज र विभिन्न दबाब समूहको भूमिका महत्वपुर्ण हुन्छ । मानवीय व्यवहारिक पक्षलाई अनुशासित बनाउन र नियममा बाँध्न सकियो भने शहरीया जीवन सरल र सुरक्षित बन्न सक्छ । शहरको रूपमा विकास भएको क्षेत्र भू-भागमा आधारभूत पूर्वाधारहरु खडा गर्नु आवश्यक छ । त्यसो भयो भने मात्र शहरमा मानिस बस्न लायक बन्छ ।

इमेल : *sharmajhalakpkr@gmail.com*

## सामाजिक सञ्जाल



**- आनन्द राज बतास**

किसानको समस्यामा मल, बीऊ, सिँचाई, ऋणदेखि बजार नपाउनेसम्म त छँदैछन्, पछिल्लो दशकमा भयावहरूपमा थपिएको समस्या हो- बाँदर आतंक । बाँदर नियन्त्रणका लागि न सरकारको कुनै कार्यक्रम छ, न स्थानीय सरकारले आफैं नियन्त्रण गर्नसक्ने अवस्था छ । यो गम्भीर समस्यालाई किन बेवास्ता गरिएको होला ?



**- मुकेश काफ्ले**

निर्वाचन जित्नैका लागि अधिकांश उम्मेदवारहरूले सबै मूल्य, मान्यता, आदर्श अनि इतिहास बिर्सेर दिइरहेका अभिव्यक्तिहरू आफैंलाई गिज्याउने प्रकृतिका छन् । राजनीतिलाई सफा गर्दै लैजानु पर्नेमा अझ फोहोरी बन्दै छ । हरेक आवधिक निर्वाचन नयाँ उत्साह र आशा लिएर आउनु पर्नेमा ठीक विपरित छ ।



**- राधाकृष्ण कटवाल**

प्रदेश सरकार पाल्ने खर्चले कुनै उद्योग सञ्चालन गरेर हजारौं युवालाई रोजगार दिन सकिन्छ, व्यापार घाटा घटाउन सकिन्छ, दैनिकी बाकसमा आउने लास रोक्न सकिन्छ । त्यसैले संघीयताअन्तर्गतको प्रदेश सभा सदस्य तर्फ भोट बहिष्कार गरी संघीयता खारेज गरौं र गराऔं । थप देश डुब्नबाट बचाऔं ।



**- विनोद न्यौपाने**

यो आम निर्वाचनमा नेपालका पार्टीहरूलाई नेपालीले पुरानै वर्गीकरणमा राख्छ कि मिश्रित र घुलित बनाई दिन्छ हेरौं ! वर्गीकरणमै राख्ने सम्भावना सारै बढी छ । युवा पुस्ताको भोटले निर्वाचन परिणाम निर्क्योल गर्दैन । मतको मूल आधार ४० प्लसकै हो । युवा पुस्ता मुलुकमा छैन पनि ।




**- प्रेम घर्तीमगर**

स्थानीय निर्वाचन सकियो । स्थानीय निकायले छोटे राजाहरू पाइसक्यो । मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभा चुनाव हुँदैछ । देशले नयाँ नेतृत्व पाउँदैछ । नेता छान्ने चुनावको लागि मतपत्र सबै ठाउँमा समयमै पुग्छ । तर, देशका कर्णधार छान्ने विद्यालयमा किताब चाहिँ आधा शैक्षिक सत्र सकिदासम्म पनि पुग्दैन ।

# मधेशका जनताले प्रश्न सोध्नुपर्छ

विचार



● जयप्रकाश गुप्ता

उपेन्द्र यादव मधेशका एक मुख्य नेता हुन् । आसन्न निर्वाचनमा उनले आफ्नो पार्टी जनता समाजवादी पार्टी (जसपा) र केपी शर्मा ओलीको एमाले पार्टीका लागि भोट माग्दै छन् । यसअघिको संसदीय निर्वाचनमा विजयी भई उनी र उनका सदस्यहरू अधिकांश समय मन्त्री पदमा रहे । यसरी नै उनको पार्टी जसपा अबिच्छिन्नरूपमा मधेश प्रदेश सरकारमा रह्यो । यो प्रादेशिक सरकार कहिल्यै अस्थिर रहेन । बलियोरूपमा ठूलो बजेटका साथ सरकार चलायो । यो मधेश सरकारले "खेत खेतमा पानी र घर घरमा रोजगार" भनेको थियो । अनेकन नाराहरू दिएको थियो ।

आम चुनावले मतदातालाई राजनीतिक पार्टी र निर्वाचित प्रतिनिधीहरूको मूल्यांकनको अवसर पनि प्रदान गर्दछ । उपेन्द्र यादवको जसपा पार्टी जो मधेशमा पुरै अवधि राज गऱ्यो, यो पार्टीले मधेशको विकास गरी अन्ततः मुलुकको विकासका लागि कति योगदान पुऱ्यायो ? अहिले समृद्धि तथा विकासको नारा दिएको छ । हिजो कति गर्न सक्यो र आज कति विश्वास गर्ने ? यो प्रश्न खडा भएको छ ।

मधेश प्रदेशको अवस्थालाई स्वयम् सरकारले सार्वजनिक गरेका केही तथ्यांकहरूको आधारमा पंक्तिकारले तपाईंहरुको सामुन्ने राखेको छ । यस आधारमा उपेन्द्र यादव तथा मधेश सरकारमा रहेका अन्य पार्टीका नेताहरूलाई सोधौं- तपाईंहरूले के गर्नु भयो ? तपाईंहरूको कसरी मूल्यांकन गर्ने ?

मधेश प्रदेशमा २७.७ प्रतिशत मानिस गरिबीको चपेटमा रहनु परेको छ । स्वतन्त्र विज्ञहरूले यो ३५ प्रतिशत भन्दापनि ठूलो रहेको भन्छन् । मधेश प्रदेश बहुआयामिक गरिबीको मापदण्डमा पुरै मुलुकमा उच्च रहेको तथ्यांक हालै सार्वजनिक भएको हो । नेपालका ७७ जिल्लामध्ये मधेश प्रदेशका आठ जिल्लाका बहुआयामिक गरिबहरूको जनसंख्या ३५ प्रतिशत रहेको छ । यस प्रदेशमा स्कूल जाने उमेरका मध्ये ५० प्रतिशत बालबच्चाहरू मात्र स्कूलमा भर्नासम्म हुने गरेका छन् । कुपोषणका शिकार जनसंख्याको सन्दर्भमा कर्णाली प्रदेश पछि मधेश प्रदेश आउँछ । मधेश प्रदेशमा १५-४९ उमेर समूहका महिलामध्ये ५८ प्रतिशत एनिमीया रोगबाट ग्रस्त छन् भने ३६.८ प्रतिशत नवजात बच्चाहरू कम तौलका जन्मिने गर्छन् ।

*मधेश राजनीतिको नेतृत्व गर्नेलाई मधेशका जागरूक मतदाताहरूले प्रश्न सोध्न अनिवार्य छ, पाँच वर्षको अवधिमा मधेशमा के-कस्ता विकास भए ? भएका योजनाहरु कति सफल भए ? भ्रष्टाचारको अवस्था के छ ? जनताले मधेश सरकारबाट कति राहत पाए ?*

मुलुकका कुल ३५ हजार ५२० वटा स्कूलहरू मध्ये प्रदेश-२ मा स्कूलको संख्या चार हजार १३७ रहेको छ । यस प्रदेशबाट २४.२० प्रतिशत युवाहरू श्रम बेच्न विदेशिएका छन् । यसले मधेश प्रदेशभित्रका जिल्लाहरूमा बेरोजगारीको गम्भीर अवस्था देखाउँछ । मधेश प्रदेशको आर्थिक विकास दर भने जम्मा २.३ प्रतिशत रहेको छ । यो प्रदेश युवा साक्षरतादरमा मुलुकमै सबभन्दा कम ६३ प्रतिशत रहेको छ । जबकि गण्डकी प्रदेशको सर्वाधिक ९५ प्रतिशत छ । मुलुकको कूल चार लाख एक हजार २३६ उद्योगको तुलनामा मधेश प्रदेशमा उद्योग संख्या ५४ हजार ९१० छ । यहाँको ५४ लाख चार हजार १४५ जनसंख्यामा जम्मा १३ वटा ठूला सरकारी अस्पताल रहेका छन् । हालको महामारी कोविड-१९ लाई नियन्त्रणमा लिने सन्दर्भमा यो प्रदेश असफल जस्तै देखियो । यहाँ स्वास्थ्य संरचना ध्वस्त छ । नेपालको सन्दर्भमा मधेश प्रदेशको स्थिति मात्र खराब छ भन्ने होइन तर, मधेश प्रदेश तुलनात्मकरूपमा बढी खराब देखिन्छ । संघीयता लागू भएपछि के सुधार भयो त ? माथीका तथ्यांकमा पुरानो अवस्थाको कति योगदान छ र उपेन्द्र यादवहरूले कति सुधार गरे ? सुधारमा उनको योगदान कति छ ? किन नसोध्ने उपेन्द्रहरूसँग ?

मधेश राजनीतिको नेतृत्व गर्नेलाई मधेशका जागरूक मतदाताहरूले प्रश्न सोध्न अनिवार्य छ । सप्तरी क्षेत्र नं २ का मतदाताहरुले समग्र नेतृत्वको हिसाबले उपेन्द्रलाई प्रश्न सोध्नु र सोध्न पाउनु नैर्सङ्गिक अधिकार हो । जबसम्म जनताले प्रश्न सोध्ने परम्पराको विकास गर्दैनन् तबसम्म नेतृत्वमा पुग्नेले पनि जवाफ दिने शैलीको विकास गर्दैनन् । अहिले मधेश राजनीतिमा जवाफदेहिताको खाँचो देखिएको छ । उपेन्द्र मधेश राजनीतिका मुख्य नेतृत्वकर्ता भएको कारण पनि उनीसँग जनताले जवाफ माग्नुपर्छ ।

# निर्वाचन बहिष्कार गर्ने नेकपा कालिकोटको निर्णय




**मानबहादुर बिश्वकर्मा/मध्यान्ह**
कालिकोट, २१ कात्तिक

नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी कालिकोटले आगामी मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधिसभा सदस्यको निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको छ । नेकपाले यो चुनाव देश र जनताको समस्या समाधान गर्न नभई अपराध र अपराधीलाई वैद्यता दिन हुन गइरहेकोले बहिष्कार गर्न आह्वान गरेको छ । नेकपा कालिकोटका जिल्ला इन्चार्ज विराट सी र सेक्रेटरी शाहसी सीले आइतबार एक प्रेश विज्ञप्ति जारी गरी कात्तिक १४ र १५ गते बसेको जिल्ला समितिको चौथो पूर्ण बैठकले यस्तो निर्णय गरेको जानकारी दिए ।

जारी विज्ञप्तिमा नेकपाले संघ र प्रदेशको निर्वाचनले देश बेचुवा, भ्रष्टाचारी, कमिशनखोरी, लुटेरा, दलाल राजनीति, नाफावादी जमिनदार व्यक्ति चुन्ने भएकाले बहिष्कार गर्नुको विकल्प नभएको उल्लेख गरेको छ ।

नेकपाले तत्काल देशको वैज्ञानिक निकास भनेको एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्नु भएको भन्दै चुनाव खारेजको अभियानमा सबै कालिकोटका जनतालाई लाग्न पनि अपिल गरेको छ ।

नेकपाको बैठकले चुनाव बहिष्कारको निर्णयसँगै जिल्लामा आन्तरिक प्रशिक्षण संचालन गर्ने, बाढी पहिरो पीडितलाई भेटघाट गर्ने, राहत दिने, क्षतिको विवरण संकलन गर्ने, जनवर्गीय संगठनलाई सुदृढ र विस्तार गर्ने, भ्रष्टाचार विरुद्ध संघर्ष गर्ने, नवौं महाधिवेशनले गरेका निर्णय कार्यान्वय गर्ने, महाधिवेशनलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सबैलाई धन्यवाद दिने लगायतका निर्णय पनि गरेको जनाएको छ ।

बैठक जिल्ला सेक्रेटरी शाहासीको अध्यक्षता र स्थायी समिति सदस्य भरत सीको प्रमुख आतिथ्यतामा बसेको थियो । बैठकमा केन्द्रीय सदस्य विराट सी, रणदिप सी लगायतका अतिथिहरुको पनि उपस्थिति रहेको थियो । नेकपाले आन्तरिक पार्टी प्रशिक्षण र बाढी पहिरो पीडित परिवारलाई राहत दिने निर्णय भने यसअघि नै कार्यान्वयन गरिसकेको पार्टीले जनाएको छ ।

# बुबाको हत्या आरोपमा छोरा पक्राउ



**कमल खड्का/मध्यान्ह**
रोल्पा, २१ कात्तिक

रोल्पामा बुबाको हत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा त्रिवेणी गाउँपालिका वडा नम्बर ४ पोखरीका २३ वर्षका सन्दीप घर्ती रहेका छन् । सन्दीपले काठको पिर्का प्रहार गर्दा ५०-५५ वर्षका मानसिङ घर्तीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सोमबार बिहान सन्दीप, मानसिङ र अर्का एक स्थानीय सँगै बसेर मदिरा सेवन गरिरहेका थिए । त्यसै क्रममा सन्दीपले आफू बसिरहेको काठको पिर्का प्रहार गर्दा मानसिङको मृत्यु भएको हो । टाउकोमा गहिरो चोट लागेकाले मानसिङको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । स्थानीय बीराज योगीका अनुसार घटना सोमबार बिहान ९ बजे भएको थियो । लगतै ईलाका प्रहरी कार्यालय होलेरी र त्रिवेणीको प्रहरी टोलीले सन्दीपलाई पक्राउ गरेको छ । मानसिङको शव पोस्टमार्टमका लागि दाङ पठाइएको प्रहरीले जनाएको छ ।

# VACANCY ANNOUNCEMENT

HUAWEI

**Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions**

**Position:**

Wireless Engineer (Expert)

**No. of Person required:** 1

**Job Responsibilities:**

- Deliver the wireless products from a product field and ensure the product installation, supervision and commissioning.
- Ensure delivery quality, progress, smooth operation and maintenance.
- Address tricky service problems in the respective product field, and lead the resolution of key problems.
- Deliver advanced courses for the product field, ensure that the serviceability measures can be adopted, and optimize delivery modes.
- Responsible for capacity planning, GSM frequency planning and frequency hopping by applying carrier/ interference (C/I) ratio analysis.
- Provide guidance for lower-level staff to improve their capabilities.

**Qualification:**

- Master's in Telecommunication Engineering/ Electronics Engineering.
- Minimum 5 year or more experience in telecom project and familiar with Huawei equipment and network system.
- In depth understanding of global telecom industry.
- Should have good communication skills, ability to work in team, proactive and result oriented.
- Self-motivated, result oriented and a team player with good communications skills and attitude.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 16th November, 2022. Preference will be given to Nepalese citizens.**

## INVITATION FOR SEALED QUOTATION

# Molung Rural Municipality
# Office of the Municipal Executive
**Prapcha, Okhaldhunga**

**Invitation for Sealed Quotation for Procurement of Medicine**
**Date of Publication: 08-11-2022**

1. The Government of Nepal has allocated funds to Molung Rural Municipality for Procurement of Medicine. Molung Rural Municipality electronic bids sealed quotation Bidding procedures.
2. Bidding documents is available on **www.bolpatra.gov.np.** for eligible Bidders and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the last date of purchase of bidding document 23-11-2022.
3. Bids must be submitted through **www.bolpatra.gov.np**, before 12:00 noon on 23-11-2022. Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Molung Rural Municipality on 23-11-2022. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security, which shall be valid for 30 days beyond the bid validity period.
5. Bidder has to deposit Bid document fee in Deposit Account No. **0880515147703008, Molung GAUKAARYAAPAALIKA GA-1.1, AANTARIK RAJASHWO KHATA, SUNRISE BANK LIMITED,MOLUNG BRANCH, PRAPCHA, OKHALDHUNGA)** and submit/upload bank deposit voucher along with the bid. If bidder wishes to submit the Bid Security Amount in the form of cash, bidder has to deposit cash in Deposit Account No. **0880515147703002, MOLUNG GAU KARYAPALIKA GA 3 DHARAUTI KHATA** and submit bank deposit voucher along with the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Seal Quotation No. and identification of the contract are as follows:-

| Seal Quotation No | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount NRs | Bid Document Fee NRs | Last date & time for bid Purchase & Submission | Last date & time for bid opening |
|---|---|---|---|---|---|
| MOLUNG.RM.SQ. MED.02/079/080 | 1,999,955.43 | 50,000.00 | 1,000.00 | 23-11-2022 (12:00 noon) | 23-11-2022 (2:00 pm) |

**Administrative Chief**

## UAE मा रोजगारको अवसर
कम्पनी: WORLD SECURITY
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०७/२१ | चलानी नं.: ६०१९०६१६ | LT. No.: 275027

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३४,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 50 | | 1100 | ३९,४१३ | | | | | | | |
| 3. | Security Guard | 100 | 50 | | 1920 | ६८,७९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 889/067/68
**Orchid Overseas (P.) Ltd.**
Ram mandir Marga, Gaushala-9, Kathmandu, Tel.: 01-5913651, 5913652 Mobile: 9851048627
Email: orchidhrinfo.np@gmail.com | Web: orchidhr.com.np
Jhapa Contact No: 9801458705 , 9802078705 , 9817070708
Pokhara Contact No: 9856060451 9801060451

## मलेसियामा रोजगार
कम्पनी : KOOKA PAPER MANUFACTURING SDN BHD
शहर: JALAN

पूर्व स्वीकृत मितिः २०७९/०७/२१ | चलानी नं.: ६०१९०६३४ | LT. No.: 274842

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८१३/०६५/०६६
**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४
मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

## साउदीमा रोजगार
कम्पनी : MOFARREH MARZOUE AL-HARBI & PARTNER COMPANY LTD.
शहर : DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/०३/२३ | चलानी नं.: ६०१८२७५५ | LT. No.: 266872 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

## मलेसिया र साउदीमा रोजगार
कम्पनी: VIRGIN SECURITY FORCE SDN BHD
शहर: JALAN

पूर्व स्वीकृत मितिः २०७९/०७/२१ | चलानी नं.: ६०१९०६३२ | LT. No.: 274993

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 33 | 0 | स. काममा दक्ष | 1500 | ४१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: MOHAMED HADI AL-RASHEED AND PARTNERS COMPANY FOR THE PRODUCTION OF SILICA SAND POWDER | शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१०/०४ | चलानी नं.: ६०१७२९०३ | LT. No.: 256206 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Crusher Operator | 22 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stone Cutting Machine Operator | 3 | 0 | | 2500 | ८७,५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

## साउदीमा रोजगार
कम्पनी : LARSEN TOUBRO ARABIA COMPANY
शहर: AL KHOBAR

पूर्व स्वीकृत मितिः २०७९/०३/३१ | चलानी नं.: ६०१८३२९० | LT. No.: 267306 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ र ३० गते (15 & 16 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 796/065/066
**Sufi International Services Pvt. Ltd.**
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiintlpvt@gmail.com

## मलेसियामा रोजगार
कम्पनी : CYCLEWORLD MANUFACTURING SDN BHD
शहर : KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०७/२१ | चलानी नं.: ६०१९०६८४ | LT. No.: 275017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि.**
श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोनः ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com

## साउदीमा रोजगार
कम्पनी: FISCO (FUNDAMENTAL ISOLATION SYSTEM CO. LTD.)
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ | चलानी नं.: ६०१६९३९३ | L.T. No.: 252437 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३८८३८०, ४३८८५३३, फ्याक्सः ४३८८३८१

## आम निर्वाचन २०७९

# डडेल्धुरामा कुन उम्मेदवार कति बलिया ?

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २१ कात्तिक

मंसिर ४ गते हुने आम निर्वाचनका लागि डडेल्धुरामा पनि चुनावी माहोल ह्वातै बढेको छ। चुनाव नजिकिएसँगै उम्मेदवारहरु यतिबेला घर-घरमा पुग्न थालेका छन्। प्रधानमन्त्री शेर बहादुर देउवाको गृह जिल्ला डडेल्धुराको निर्वाचनलाई चासोका साथ हेर्ने गरिएको छ। नेपाली कांग्रेसका सभापति समेत रहेका देउवासँग चुनावी मैदानमा स्वतन्त्र उम्मेदवारका रुपमा गुल्मीका सागर ढकाल पनि छन्। यस्तै देउवासँग वि.पी. (कांग्रेसका) कर्ण मल्लसहित ८ जना प्रतिस्पर्धामा रहेका छन्। देउवा डडेल्धुराबाट लगातार चुनाव जित्दै आएका छन्। डडेल्धुराका अधिकांश उम्मेदवारका एजेण्डामा खानेपानी, सडक रहेका छन्। तर डडेल्धुराको समग्र विकासका लागि यहाँको कृषि पर्यटन, औद्योगिकरणका कुरा भने खासै आएका छैनन्।

आम नागरिकले हरेक उम्मेदवारसँग आधारभूत आवश्यकताको रुपमा खानेपानीलाई मुख्य मुद्दा बनाएका छन्। डडेल्धुरामा सात स्थानीय तह छन्। स्थानीय तहमा २ पालिका माओवादी केन्द्रले विजयी गरेको छ भने ५ पालिकामा कांग्रेसले विजयी गरेको थियो। स्थानीय मतलाई आधार मान्ने हो भने कांग्रेस नै बलियो मानिन्छ। यसो त कांग्रेसले माओवादी केन्द्र, समाजवादी, जनमोर्चाले गठबन्धन गरेको छ भने उता एमालेले भने वि.पी कांग्रेसलाई सघाउने भएको छ। उस्तै वि.पी कांग्रेसलाई समाजवादीबाट राजीनामा दिएका तारा जोशीले पनि सघाउने भएकी छन्। यसअघि करुवाले २ वडामा विजयी गरेको थियो। यस्तै २ वडामा स्वतन्त्रले जितेको थियो।

### साधैं जित हात पार्ने देउवा

यसै क्षेत्रमा २०४८ सालदेखि लगातार चुनाव जित्दै आएका छन् देउवा। २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७४ सालको निर्वाचन गरी लगातार ६ पटक उनले यहि क्षेत्रबाट चुनाव जितेका छन्। उनी २०६४ मा कञ्चनपुर ४ र २०७० मा कैलाली- ६ बाट पनि विजयी भएका थिए। यसपटक भने सँधै प्रतिस्पर्धामा हुने खगराज भट्ट देउवालाई सघाएर प्रदेश १ मा समानुपातिक तर्फका उम्मेदवार बनेका छन्।

**चर्चामा करुवा: को हुन् कर्ण मल्ल ?**

२०४८ सालका आमनिर्वाचनको प्रचार-प्रसारका क्रममा हालका प्रधानमन्त्री देउवाले यिनै कर्णबहादुर मल्ललाई राजनीतिमा ल्याएका थिए।

मल्ललाई २०५२ मा पहिलोपटक प्रधानमन्त्री भएपछि देउवाले सहयोगीका रूपमा काठमाडौंमा राखेका थिए। २०५४ सालमा देउवाले कर्ण मल्ललाई जिल्ला विकास समिति डडेल्धुराको उपसभापतिको उम्मेदवार बनाए। यसैगरी २०५९ मा दोस्रोपटक प्रधानमन्त्री भएपछि देउवाले मल्ललाई प्रमुख स्वकीय सचिव बनाएका थिए। यसरी जिल्लाको नेतृत्व सम्हालेपछि मल्ल चर्चामा आएका थिए।


मल्ल विवादमा आएपछि देउवाले २०६२ मा पार्टीबाट साधारण सदस्य नरहने गरी निष्कासन गरेका थिए। अहिले यिनै मल्ल संघमा देउवाविरुद्ध उम्मेदवारी दिएका छन्। स्थानीय चुनावमा देउवाकै गृह पालिकामा वि.पिले विजयी हात पारेको थियो। यसपटक डडेल्धुरामा स्वतन्त्र उम्मेदवार रहेका डा. तारा जोशीसँग मिलेर मल्ल चुनाव लडिरेका छन्।

### चर्चा ढकालको

१ मात्र सिट रहेको डडेल्धुरामा संघतर्फ देउवाविरुद्ध ढकालसहित ८ जना प्रतिस्पर्धामा छन्। ढकालको जन्मभूमि गुल्मी हो। उनी अहिले चुनावी प्रचारमा निकै व्यस्त रहेका छन्। यस अघि ५२ वडा नै पुगेर भौगोलिक, आर्थिक पाटोको अनुगम र यहाँ समस्याहरु बुझ्केको बताउँछन्। स्थानीय तहको नतिजालाई आधार मान्दा ५२ वडामा २ वडामा मात्र स्वतन्त्र सिमित हुन पुगेको थियो।



## घाइते वडा सदस्यको हेलिकप्टरमार्फत उद्धार



**रुपक खड्का/मध्यान्ह**
बझाङ, २१ कात्तिक

ढुङ्गाले टाउकोमा लागेर घाइते भएकी वडा सदस्य डिकि गुरुङको हेलिकप्टर मार्फत उद्धार गरेको छ। जिल्लाको साइपाल गाउँपालिका वडा नम्बर ३ की वडा सदस्य गुरुङ जङ्गलमा दाउरा काट्ने क्रममा माथिबाट खसेको ढुङ्गाले लागेर गम्भीर घाइते भएकी थिइन्।

टाउकोको भित्री भागसम्म चोट रहेकाले बझाङमा उपचार सम्भव नभए पछि थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टर मार्फत नेपालगन्ज पठाइएको गाउँपालिका अध्यक्ष मानवीर बोहोराले जानकारी दिए। उनका अनुसार वडा सदस्य गुरुङको उपचार खर्च गाउँपालिकाले व्यहोर्ने भएको छ।


## कतारमा रोजगारको अवसर | कम्पनी : AL MOKAMEL SERVICES शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ चलानी नं.: ६०१६२२३५ LT. No.: 244267 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Services | 4 | 2 | स. काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कार्तिक २९ गते (15 November 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
